नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वातावरण विभाग**

बबरमहल,काठमाडौ

# मौजुदा सूची दर्तासम्बन्धी सूचना

**सूचना प्रकाशित मिति:**२०८१।४।०४

यस विभागको आ.व.२०८१।८२ को लागि आवश्यक पर्ने तपसिलका कार्यहरु गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ उप नियम (१) बमोजिमको यसै साथ संलग्न निवेदनको ढाचाँमा सूची दर्ता गर्नुपर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएका इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले आ आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजश्व विभागबाट आ.व. २०८०।८१ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि र सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणापत्र समावेश गरी यो सूचना प्रकाशित भएको मितिले यस आ.व.२०८१।८२ भित्र आफ्नो कारोबारको संक्षिप्त व्यहोरा तथा पत्राचार गर्ने ठेगाना, सम्पर्क व्यक्तिको नाम एवं फोन वा मोबाईल नम्बर स्पष्ट उल्लेख गरी यस विभागमा सूची दर्ताको निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त निवेदन उपर छानविन गरी सूचीकृत गर्ने / नगर्ने अधिकार यस विभागमा निहित रहनेछ।

## तपशिल:

**आवश्यक सामान तथा सेवाहरुको विवरण**

१.स्टेशनरी सामानहरुको आपूर्ति (मसलन्द तथा विविध )।

२.छपाई सम्बन्धी कार्यहरु।

३.फर्निचर तथा फिर्निसिङ्ग आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।

४.विद्युतिय सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।

५.सवारी साधान, पार्टपुर्जा खरिद तथा मर्मत सम्बन्धी कार्यहरु।

६.पत्रपत्रिका तथा पुस्तकहरु आपूर्ति।

७.खानेपानी (ट्यांकर ,जार मिनरल वाटर)।

८.सरसफाई तथा बगैचा व्यवस्थापन/ फुलका विरुवाहरु आपूर्ति तथा वृक्षारोपण सम्बन्धी कार्य।

९.कम्प्युटर, प्रिन्टर, फोटोकपी लगायतका मेशिनरी सामाग्री र्ति तथा मर्मत कार्यहरु ।

१०.प्रयोगशाला रसायन, ग्लासवेयर,  उपकरणहरु आपूर्ति तथा मर्मत  सम्बन्धी कार्य ।

११.वातावरण (EIA,IEE) तथा जलवायु परिवर्तन अनुकूलन र प्रदूषण अनुगमन, नियन्त्रण सम्बन्धी तालिम, गोष्ठी ,सेमिनर स्थलगत अध्ययन अवलोकन, अनुगमन सम्बन्धी कार्य ।

१२.सेक्युरिटी, माली, सरसफाई सम्बन्धी सेवा ।

१३.सफ्टवेयर निमार्ण, अपडेट, कम्प्युटर नेटवर्किङ तथा इन्टरनेट सेवा प्रदान सम्बन्धी ।

१४. सार्वजनिक सम्पक्तिको निमार्ण तथा मर्मत सम्बन्धी कार्य ।

१५.वातावरणसँग सम्बन्धित श्रव्यदृष्य सामाग्री उत्पादन, प्रसारण तथा विज्ञापन / सुचना प्रकाशन एवं प्रसारण सम्बन्धी कार्यहरु ।

१६.वातावरणीय अध्ययन तथा व्यवस्थापनसँग सम्बन्धित सबै किसिमका परामर्श सेवाहरु ।

१७. वातावरण प्रचार प्रचार सम्बन्धी सामाग्रीहरु आपुर्ति सम्बन्धी कार्यहरु ।

१८. वातावरण संरक्षण सँग सम्बन्धित अन्य कार्यहरु ।

१९. वातावरणीय प्रदुषण नियन्त्रण सँग सम्बन्धित उपकरणहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु ।

<u>सर्तहरु:</u>

क.आवश्यक प्रमाण पत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कारबाही हुने छैन ।

ख.प्रत्येक समूहको कामका लागि छुट्टाछुट्टै आवेदन दिनुपर्नेछ ।